कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत।
गण्डकी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२३**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिकामा तपसिल बमोजिमको पदमा करारको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त फाराम भरी यस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद/तह | माग संख्या |
|---|---|---|---|
| १ | ०३-०७९/८० | रोजगार संयोजक (अधिकृतस्तर छैठौं ) | १ (एक) |
| २. | ०४-०७९/८० | रोजगार सहायक (सहायक स्तर पाँचौ) | १ (एक) |

**आवश्यक न्यूनतम योग्यता :**

**क)** रोजगार संयोजकका लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह वा सो सरह उत्तिर्ण गरेको, रोजगार सहायक पदको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको र आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिना तालिम लिएको ।

**ख)** दरखास्त दिने अन्तिम मिति रोजगार संयोजकका लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको । रोजगार सहायक पदको लागि १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**ग)** सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।

- **दरखास्त दस्तुरः** रोजगार संयोजकको लागि रु १०००।(एक हजार रुपैया ) र रोजगार सहायक पदको लागि रु ६०० (छ सय रुपैया )
- **दरखास्त दिने अन्तिम मितिः** मिति २०७९/०६/०६ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )
- **परीक्षाको किसिमः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा, रोजगार सहायक पदको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति गर्ने सम्बन्धी २०७८ बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र प्रयोगात्मक परिक्षा ।
- **तलब तथा सुविधाः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ ले तोके बमोजिम र रोजगार सहायक पदको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति गर्ने सम्बन्धी मापदण्ड २०७८ ले तोके बमोजिम हुनेछ ।
- **लिखित परीक्षा हुने मितिः** प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।
- **पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी , शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, ,कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।
- **कार्यविवरणः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ ले तोके बमोजिम हुनेछ । रोजगार सहायक पदको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति गर्ने सम्बन्धी मापदण्ड २०७८ ले तोके बमोजिम हुनेछ ।
- **दरखास्त फाराम, पाठयक्रम र मापदण्डः** कार्यालयको Website www.kushmamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**कुमान सिंह गुरुङ**